**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**विदेशी विनिमय व्यवस्थापन विभाग**

*इ.प्रा.परिपत्र संख्याः-* ४३७ *मिति :-* २०६३/१२/११

**इजाजतपत्रप्राप्त सबै निकायहरु ।**

विषय :- **विदेशी विनिमय सटही रसिद (FEER)** सम्बन्धी ।

महाशय,

विदेशी मुद्रा कारोवार गर्ने इजाजतप्राप्त सबै निकायहरूले प्रयोग गर्ने यसैसाथ संलग्न इण्डोर्सेबल विदेशी मुद्रा सटही रसीद Foreign Exchange Encashment Receipt (FEER) चलन चल्ती गर्ने/गराउने सम्बन्धमा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. कुनै पनि व्यक्तिसँग परिवर्त्य विदेशी मुद्रा सटही गर्नासाथ FEER अनुसारको सम्पूर्ण व्यहोरा उल्लेख गरी सोको पहिलो प्रति सटही कर्तालाई दिनुपर्नेछ ।

२. FEER ले खाम्नेसम्मको मात्र नेपाली रुपैयाँमा सम्बन्धित इजाजतप्राप्त निकायले भुक्तानी लिँदा FEER को पछिल्लो भागमा अनिवार्य रुपले दरपीठ (Endorse) गर्नुपर्नेछ ।

३. उपरोक्त अनुसार भुक्तानी लिंदा यसभन्दा अगाडि FEER धनीले कुनै प्रयोजनमा नेपाली रुपैयाँ भुक्तानी लिई FEER को पछिल्लो भाग दरपीठ गराइसकेको रहेछ भने दरपीठ गरी बाँकी रहेको मौज्दातसम्मको मात्र भुक्तानी लिन मिल्नेछ ।

४. पार्टीबाट नेपाली रुपैयाँमा भुक्तानी लिँदा उपरोक्तानुसार गरी अझै पनि पार्टीको नाममा नेपाली रुपैयाँको मौज्दात बाँकी भएमा सो बाँकी मौज्दात प्रष्टसँग देखाई दिनुपर्नेछ ।

५. नेपाली रुपैयाँमा भुक्तानी दरपीठ भई कुनै पनि मौज्दात बाँकी नरहेको अवस्थामा उक्त FEER बाट नेपाली रुपैयाँमा भुक्तानी लिन मिल्ने छैन ।

६. FEER को आधारमा केही रकम नेपाली रुपैयाँमा र बाँकी विदेशी मुद्रामा लिनुपर्ने अवस्थामा सो समेत गर्न मिल्नेछ ।

७. FEER मा बाँकी रकमले खामेसम्म सोही FEER समेतको आधारमा हवाई टिकट समेत बिक्री गर्न मिल्नेछ ।

८. आफ्नो बिलको भुक्तानी लिई FEER को पहिलोप्रतिमा दरपीठ गरी सम्बन्धित पर्यटकलाई अनिवार्य रुपले फिर्ता दिनुपर्नेछ ।

९. FEER का सम्पूर्ण महलहरूमा प्रष्ट बुझिने गरी लेख्नुपर्ने तथा कुनै पनि महलमा व्यहोरा छुटाउन मिल्ने छैन । FEER का महलहरू कसरी भर्ने/भराउने सम्बन्धी निर्देशन यसैसाथ नमुना प्रेषित छ । FEER मा कुनै पनि महल छुटाई सो रसीद जारी गरेको पाइएमा सम्बन्धित व्यक्ति उपर आवश्यक कार्यवाही गर्न सकिनेछ ।

१०. एउटा FEER प्रतिमा एकजना सटहीकर्ताको नाम मात्र उल्लेख गर्नुपर्नेछ र सटही गरी सकेपछि कुनै हालतमा पनि पर्यटकको नाम र पासपोर्ट नम्बर लगायतका अन्य विवरणहरूमा केरमेट र थपघट गर्न मिल्ने छैन ।

११. उपरोक्त अनुसार FEER को आधारमा नेपाली र भारतीय नागरिकहरूलाई वाहेक अन्यलाई खर्च गरी बाँकी रहन आएको नेपाली रुपैयाँको रकम वरावरको हुने परिवर्त्य विदेशी मुद्रा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको प्रस्थान कक्षस्थित सटही काउण्टरबाट फिर्ता भुक्तानी दिन सकिने व्यवस्था गरिएको छ ।

भवदीय,



(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक

(इ.प्रा. परिपत्र संख्या- ४३७ प्रयोजनको लागि)

# FEER रसीद भर्ने निर्देशन

१. पासपोर्टमा उल्लेख भएको पूरा नाम :

२. पासपोर्ट नं. :

३. नागरिकता :

४. राहदानीमा उल्लेखित घरको ठेगाना :

५. नगद वा यात्रुचेक - अक्षरमा लेख्ने,

६. बिदेशी मुद्रा अङ्कमा - दशमलबको अङ्क समेत दिने,

७. सटही गर्ने दिनको प्रचलित सटही दर दशमलब अङ्क समेत दिने,

८. विदेशी मुद्रालाई प्रचलित सटही दरबाट गुणन गर्दा प्राप्त जम्मा रकम रुपैयाँमा दशमलब अङ्क समेत दिने,

९. रुपैयाँको कूल जम्मा रकम दशमलब समेत दिने,

१०. स्पष्ट हुने गरी इजाजतप्राप्त व्यक्तिको नाम, ठेगाना, दस्तखत र छाप :

११. विदेशी मुद्रा खरीद गरेको अक्षरेपीमा पनि दिने,

१२. ग्राहकको सही,

१३. नेपालमा बस्ने ठेगाना :

विदेशी मुद्रा सटही गर्दा एकै व्यक्तिबाट दुई वा दुईभन्दा बढी विदेशी मुद्रा सटहीको निमित्त पेश भएमा FEER रसिद छुटाछुट्टै भर्नुपर्नेछ । जस्तैः- अमेरिकी डलर र स्टर्लिङ्ग पाउण्ड पेश भएमा दुईवटा छुट्टाछुट्टै रसिद काट्ने ।



(इ.प्रा. परिपत्र संख्या- ४३७ प्रयोजनको लागि)

# FOREIGN EXCHANGE ENCASHMENT RECEIPT

SERIAL NO:___________
DATE: _______________

We hereby certify that we have purchased to-day foreign currency as mentioned below from
Mr/Mrs/Miss ________________________________________ Passport No. ________________
Nationality _____________________ Home Address ________________________________________

| Particular Cash/T.C. | Currency Amount | Rate | Rupee Equivalent | Authorized Dealer's Name, Address, Stamp and Signature |
|---|---|---|---|---|
| | | | | |
| | | Total Rs. | | |

Foreign Currency in words ________________________________________________

Customer's Signature: _________________________ Local Address: _________________________

**PLEASE READ IMPORTANT INFORMATION OVERLEAF**



(इ.प्रा. परिपत्र संख्या- ४३७ प्रयोजनको लागि)

## ENDORSEMENT TO BE MADE BY AUTHORISED DEALER ACCEPTING THEIR BILL IN RUPEES

| S.No. | Date | Kind of service | Bill | | Balance after billing in Rs. | Authorized dealer's Name, Address, Stamp & Signature |
|---|---|---|---|---|---|---|
| | | | No. & date | Rs. | | |
| 1. | | | | | | |
| 2. | | | | | | |
| 3. | | | | | | |
| . | | | | | | |
| . | | | | | | |

**IMPORTANT INFORMATION:** (1) According to the Nepalese Law, it is illegal to deal in foreign exchange with a person other than an authorized dealer.

(2) You must obtain proper receipt whenever you exchange money. (3) The Nepalese Rupees balance remaining with you (not for Nepalese and Indian) will be converted back into US $ at the departure Exchange counter at the Tribhuvan International Airport up to 15% of the total foreign currency exchange, at the time of your departure, on submission of this receipt. (4) The receipt marked "USED" will not be considered for refund.

**THIS EXCHANGE RECEIPT SHOULD BE CAREFULLY PRESERVED WHEN YOU ARE IN NEPAL**



(इ.प्रा. परिपत्र संख्या- ४३७ प्रयोजनको लागि)

वि.वि.नि.फा.नं. ५

## FOREIGN EXCHANGE ENCASHMENT RECEIPT STATEMENT
## PERIOD: From..................... to ................................ Date

| DATE | NAME OF GUEST | FEER No. | AMOUNT PURCHASED FROM | | CHEQUE/CASH | AMOUNT SOLD TO BANK | BALANCE AT END OF DAY | REMARKS |
|---|---|---|---|---|---|---|---|---|
| | | | TOURIST | OTHER | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

NAME :
ADDRESS :
PREPARED BY :
STAMP :

